"हामी सवैको रहर, सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर"

# विराटनगर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### शैक्षिक प्रशासन महाशाखा

विराटनगर, मोरंग
प्रदेश नं.१, नेपाल

प.स. :
च.नं.: 86

मिति :२०७७।०५।२९

विषय : निर्देशन

श्री सबै विद्यालयहरु,
विराटनगर महानगरपालिका, मोरङ ।

प्रस्तुत विषयमा विराटनगर महानगरपालिका -नगर शिक्षा समितिको मिति २०७७।०५।२८ गते बसेको बैठकको निर्णयानुसार नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, काठमाण्डौंबाट जारी गरिएको विद्यार्थी सिकाइ समजीकरण निर्देशिका २०७७ को परिधि भित्र रही नेपाल सरकारले तोकेको स्वास्थ्य मापडण्डको पूर्ण पालना गर्दै मिति २०७७।०६।०१ गतेदेखि तपसिल बमोजिम गर्न गराउनु हुन अनुरोध छ ।

तपसिल

१. मिति २०७७।०६।०१–१५ सम्ममा सबै विद्यालयहरु ( सामुदायिक, संस्थागत तथा धार्मिक) मा विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन गर्ने र सोही विद्यालयमा कक्षोन्नती भएका विद्यार्थीको हकमा विद्यार्थी अभिलेखीकरण कार्य गर्ने ।

२. विराटनगर महानगरपालिकाले यस अघि संस्थागत विद्यालयका लागि निर्धारण गरेको मासिक पढाइ शुल्क मात्र लिन पाउने र विद्यालयले साविक सेवा सुविधा दिएका तर हाल विद्यार्थीका लागि सेवा प्रदान गर्न नपरिरहेका क्षेत्रहरु जस्तै यातायात, आवास, खेलकुद आदि जस्ता क्षेत्रमा कुनै प्रकारको शुल्क लिन नपाउने व्यवस्था गर्नु हुन साथै यस अघि मिति २०७७ बैशाख महिना देखि २०७७ भाद्र मसान्तसम्म कुनै संस्थागत विद्यालयले विद्यार्थीहरुबाट कुनै प्रकारको शुल्क लिएको भएमा सो शुल्क २०७७ असोज १ गतेबाट कायम हुने शुल्कमा समायोजन गर्दै लाने ।

३. २०७७।०६।०१ गते देखि सबै शिक्षक तथा कर्मचारीहरु विद्यालयमा अनिवार्य उपस्थित भई विद्यार्थीहरुको अध्ययन अध्यापनको सुनिश्चितताको लागि विद्यालयले विद्यार्थी सिकाइ सहजिकरण निर्देशिकामा भएका सबै विकल्पहरु अवलम्बन गर्न विद्यालयगत योजना निर्माण, कार्यान्वय र प्रगति प्रतिवेदनको समेतको व्यवस्था गर्न गराउन हुन ।
साथै शिक्षक कर्मचारी संख्या बढी भएका विद्यालयहरुले विहानी तथा दिवा दुवै सिफ्टको प्रवन्ध गरी शिक्षक, कर्मचारी परिचालन गर्न सकिने ।

४.विद्यालयमा अभिलेखिकरण र भर्ना भएका विद्यार्थीहरुको पहिचान तथा अभिलेखीकरण गर्दा विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका २०७७ बमोजिम स्रोत साधनमा पहुँचको अवस्थाको आधारमा वर्गीकरण गरी संलग्न लिष्ट बमोजिमको ढाँचामा नाम नामेसी सहित सफ्ट तथा हार्डकपि मिति २०७७।०६।२५ गतेसम्म शैक्षिक प्रशासन महाशाखामा उपलब्ध गराउन हुन ।

दुर्गाप्रसाद खतिवडा
**नगर शिक्षा अधिकारी**
**अधिकृत दर्शौं**

विद्यालयको नाम :

ठेगाना

प्र.अ.को नाम

| क्र.सं. | विद्यार्थीको नाम/थर | कक्षा | अभिभावकको नाम | ठेगाना | सम्पर्क नंम्बर | रेडियो एफ.एममा पहुँच | टेलिभिजनमा पहुँच | घरमा कम्प्युटर भएको तर इन्टरनेट कनेक्टिभिटी नभएको | इन्टरनेटमा पहुँच भएको | स्मार्ट फोन भएको | सबै किसिमको पहुँच भएको | कुनै पनि किसिमको साधनमा पहुँच नभएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| कूल जम्मा | | | | | | | | | | | | | |

**नगर शिक्षा अधिकारी**
**अधिकृत दसौं**